# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०४/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------

राजश्व अनुसन्धान विभाग अन्तर्गत मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुर बाँकेमा कार्यरत अनुसन्धान अधिकृत भीम प्रसाद घिमिरे र कम्प्युटर अधिकृत गोबिन्द बहादुर शाहीले आपसी मिलेमतोमा कर रकम निर्धारणका क्रममा सेवाग्राहीसंग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुरबाट खटिई गएको टोलीले निज राष्ट्रसेवकहरुलाई रु. ५,७०,०००/-(पाँच लाख सत्तरी हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, उल्लिखित कर्मचारीहरुलाई बिगो रु. ५,७०,०००/- (पाँच लाख सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी